नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कास्की

visit nepal 2020

फोन नं.: ०६१-४६३०७६
०६१-४६१७६४
०६१-४६५०७५
फ्याक्स : ०६१-४६१९६२
Email: daokaski@gmail.com
www.moha.gov.np/kaski

पत्र संख्या : २०७६/०७७
चलानी नं. : 6365

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

मिति २०७७/०२/०१ गते ।

विषय : CCMC वैठकको निर्णय सम्बन्धमा ।

श्री गृह मन्त्रालय,
शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा,
सिंहदरवार काठमाण्डौ

यस जिल्लामा गठित Crisis Management Center (CCMC) को मिति २०७७/०२/०१ गतेको वैठकले गरेको निर्णय यसै पत्र साथ संलग्न राखि पठाइएको व्यहोरा सादर अनुरोध छ ।

2077/02/01

..................................
(गुरुदत्त ढकाल)
सहायक प्रमुख जिल्ला अधिकारी

# वैठक संख्याः ३४

आज मिति २०७७/०२/०१ गते कास्कीका प्रमुख जिल्ला अधिकारी श्री ज्ञान प्रसाद ढकालज्यूको संयोजकत्वमा देहायको उपस्थितिमा **Covid-19 Crisis Management Center (CCMC)** जिल्लागत संरचनाको वैठक वसी निम्नानुसार निर्णय गरियो ।

<u>उपस्थिति :</u>

| | | | |
|---|---|---|---|
| श्री ज्ञान प्रसाद ढकाल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, कास्की | संयोजक |
| श्री मदन जंग कार्की | प्रमुख सेनानी | नेपाली सेना, भगवती दल गण फूलबारी व्यारेक पोखरा | सदस्य |
| श्री दान बहादुर कार्की | प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, कास्की | सदस्य |
| श्री प्रेम ध्वज शाह | सशस्त्र प्रहरी उपरीक्षक | श्री नं २४ सशस्त्र प्रहरी कालिका गण, कास्की | सदस्य |
| श्री महेश गुरुङ्ग | प्रमुख अनुसन्धान अधिकृत | राष्ट्रिय अनुसन्धान विभाग जिल्ला कार्यालय, कास्की | सदस्य |
| श्री नवराज बराल | जिल्ला समन्वय अधिकारी | जिल्ला समन्वय समिति, कास्की | सदस्य |
| श्री डा. अर्जुन आचार्य | निर्देशक | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान | सदस्य |
| श्री नानीबाबु दानी | अधिकृत प्रतिनिधी | स्वास्थ्य निर्देशनालय, कास्की | सदस्य |
| श्री वावुराम आचार्य | प्रमुख | स्वास्थ्य कार्यालय, कास्की | सदस्य |

<u>आमन्त्रित :</u>

| | | |
|---|---|---|
| श्री डोलराज पाण्डे | सभापति | नेपाल रेडक्रस सोसाइटी कास्की |
| श्री श्रीनाथ पौडेल | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, कास्की |
| श्री गुरुदत्त ढकाल | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, कास्की |
| श्री भरतराज पौडेल | अधिकृत प्रतिनिधी | पोखरा महानगरपालिका, कास्की |
| श्री लिला वल्लभ न्यौपाने | प्रशासकीय अधिकृत | जिल्ला प्रशासन कार्यालय, कास्की |
| श्री लक्ष्मण बराल | प्रशासकीय अधिकृत | जिल्ला प्रशासन कार्यालय, कास्की |
| श्री यादव ढकाल | प्र.ना.उ. | वडा प्रहरी कार्यालय बैदाम, कास्की |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

# वैठक संख्याः ३४

निर्णयहरु :

१. कास्की जिल्ला स्थित विभिन्न स्थानीय तहहरुवाट व्यवस्थापन भई तयारी अवस्थामा राखीएका क्वारेन्टाइन कक्षहरुको विवरण देहाय बमोजिम रहेको ।

| कास्की जिल्लाका स्थानीय तहमा सञ्चालित Quarantine कक्षहरुको क्षमताको संख्यात्मक विवरण | | | | | |
|---|---|---|---|---|---|
| सि.नं | स्थानीय तहको नाम | Quarantine क्षमता | Quarantine मा बसेकाको संख्या | | |
| | | | महिला | पुरुष | जम्मा |
| १. | पोखरा महानगरपालिका | १४८ | १२ | १९ | ३१ |
| २. | अन्नपूर्ण गाउँपालिका | ६० | - | - | - |
| ३. | माछापुच्छ्रे गाउँपालिका | १३ | - | - | - |
| ४. | मादी गाँउपालिका | १० | - | - | - |
| ५. | रुपा गाँउपालिका | ३५ | १ | २ | ३ |
| | जम्मा | २६६ | १३ | २१ | ३४ |

२. नेपाल बाहिरबाट आई कास्की जिल्लाका विभिन्न स्थानीय तहहरुमा बसोबास गर्दै आएका (१४ देखि २१ दिनभित्र बसाई अवधि रहेका) व्यक्तिहरुको COVID-19 को **Rapid Diagnostic Test** गर्ने कार्य मिति २०७६।१२।२८ देखि प्रारम्भ भएको । मिति २०७७/०२/०१ सम्म गरिएको **RDT** को नमूना संकलन तथा नतिजाको विस्तृत विवरण देहाय बमोजिम रहेको ।

**जिल्ला कास्की ( Rapid Diagnostic Test : मिति २०७७।०२।०१ गते सम्मको विवरण)**

| क्र.सं. | RDT सञ्चालन गर्ने स्थानिय तह/निकाय | संकलित नमूना संख्या | Non-Reactive (संख्या) | Reactive (संख्या) | नतिजा आउन बाँकि | हाल सम्म संकलित कुल नमूना संख्या | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७७।०२।०१ | | | | २०७७।१।३१ सम्म | कुल जम्मा | |
| १ | पोखरा म.न.पा. | १२ | १२ | - | - | ७२९ | ७४१ | |
| २ | मादी गा.पा. | ० | ० | - | - | १७ | १७ | |
| ३ | अन्नपूर्ण गा.पा. | ० | ० | - | - | २ | २ | |
| ४ | रुपा गा.पा. | ० | ० | - | - | ६० | ६० | |
| ५ | माछापुच्छ्रे गा.पा. | ० | ० | - | - | १० | १० | |
| ६ | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान | २४ | २४ | - | - | ३२० | ३४४ | |
| | जम्मा | ३६ | ३६ | - | - | ११३८ | ११७४ | |

३. कास्की जिल्लामा रहेका मानिसहरुको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानले गरेको कोरोना भाइरस (कोभिड-१९) को मिति २०७७।०२।०१ सम्मको नमूना संकलन तथा सो को **Polymerase Chain Reaction (PCR Test)** को नजिता देहाय बमोजिम रहेको ।

| मिति | संकलित नमूना संख्या | नेगेटिभ (संख्या) | पोजेटिभ (संख्या) | नतिजा आउन बाँकी (संख्या) | कैफियत |
|---|---|---|---|---|---|
| २०७७।०२।०१ सम्म | २८९ | २८९ | - | 0 | - |

# वैठक संख्याः ३४

४. जिल्लास्थित स्थानीय तहहरुमार्फत मिति २०७७।०२।०१ सम्म वितरण गरिएको राहतको विवरण देहाय बमोजिम रहेको ।

| कास्की जिल्लाका स्थानीय तहहरु मार्फत वितरण भएको राहतको विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं | स्थानीय तहको नाम | घर परिवार संख्या | वितरित राहत प्याकेजको विस्तृत विवरण | | | | | | | |
| | | | चामल (के.जी) | दाल (के.जी) | नुन (के.जी) | तेल (लि.) | चिनी (के.जी) | केराउ (के.जी) | अन्य | |
| १. | पोखरा म.न.पा. | ३२२४२ | ५३८६०१ | ४३०७७ | ३२२४२ | २१५५० | ० | २१५५० | ० | |
| २. | अन्नपूर्ण गा.पा. | वडास्तरमा तथ्याङ्क संकलन र आवश्यक राहत सामग्री व्यवस्थापन गरी तयारी अवस्थामा रहेको साथै गाउँपालिकाभित्र राहत प्राप्त गर्ने लाभग्राहीको संख्या करिब ५०० जना रहेको प्रारम्भिक तथ्याङ्क प्राप्त भएको । | | | | | | | | |
| ३. | माछापुच्छ्रे गा.पा. | ७३५ | १८९६० | १४३० | ७३५ | ७३५ | - | - | साबुन १ गोटा मसला १ पोका बेसार १ पोका | |
| ४. | मादी गा.पा. | २०५२ | ५१३०० | २०५२ | २०५२ | ० | २०५२ | ० | ० | |
| ५. | रुपा गा.पा. | ४५२ | ८३२५ | ६८५ | ४७६ | ३८९ | - | - | - | |
| जम्मा | | ३५४८१ | ६१७१८६ | ४७२४४ | ३५५०५ | २२६७४ | २०५२ | २१५५० | ० | |

५. मिति २०७७/०२/०१ मा प्राप्त मिति २०७७/०१/३१ को गण्डकी प्रदेश स्तरीय **CCMC** को पत्र वैठकमा प्रस्तुत भई छलफल हुँदा देहाय बमोजिम गर्ने निर्णय गरियो :

क. राष्ट्रिय गौरवका लागायतका विकास आयोजना तथा सार्वजनिक र निजी निर्माण समेतमा आवश्यक हुने श्रमिक/कर्मचारी अन्य प्रदेशबाट ल्याउने व्यवस्थालाई पूर्ण रुपमा रोक लगाई जिल्ला भित्र उपलब्ध जनशक्तिको प्रयोगलाई प्राथमिकता दिने । जिल्ला भित्रका जनशक्तिले अपुग भएमा गण्डकी प्रदेश भित्रका अन्य जिल्लाहरुबाट श्रमिक/कर्मचारी ल्याउनु पर्ने भएमा सम्बन्धी आयोजना वा निर्माण व्यवसायीले सम्पूर्ण खर्च व्यहोर्ने गरि निजहरुको अनिवार्य रुपमा कोभिड-१९(कोरोना भाइरस) संक्रमण नभएको एकिन गर्न Polymerase Chain Reaction परीक्षण गर्ने ।सोको निस्सा जिल्ला प्रवेश गर्दाका बखत सुरक्षाकर्मीलाई अनिवार्य रुपमा देखाउनु पर्ने ।

ख. कास्की जिल्लाका प्रवेश नाकाहरुबाट प्रवेश गर्ने अत्यावश्यक सेवा तथा आपूर्तिका लागि प्रयोग गरिएका ठूला मालबाहक सवारीको हकमा चालक र सहचालक तथा साना मालबाहक ढुवानीको हकमा चालक बाहेकका यात्रुहरु, पैदल यात्रुहरुको चेकजाँचमा कडाई गरि जिल्ला प्रवेश गर्न नदिने व्यवस्था जिल्ला प्रहरी कार्यालयले मिलाउने ।

ग. अन्तर जिल्ला यात्रा गर्ने व्यक्तिको हकमा निज जान चाहेको जिल्लाको प्रमुख जिल्ला अधिकारीले सवारी पासका लागि अनुमती प्रदान गरेको अवस्थामा मात्र जिल्ला प्रशासन कार्यालय, कास्कीले सवारी पास जारी गर्ने ।

घ. कोभिड-१९ (कोरोना भाइरस) संक्रमण जोखिम नियन्त्रणका लागि देशव्यापी रुपमा जारी भई लागू भइरहेको लकडाउनको अवधिमा कास्की जिल्लामा अन्यत्र जिल्लाबाट तोकिएका स्वास्थ्य सुरक्षाका सावधानीहरु अवलम्बन गरि ल्याइएका जनशक्तिको विवरण सम्बन्धित आयोजना प्रमुख वा निर्माण व्यवसायीहरुले अनिवार्य रुपमा जिल्ला प्रशासन कार्यालय, कास्की लाई उपलब्ध गराउने । सो विवरण प्राप्त भए पछि नियमित रुपमा आन्तरिक मामिला तथा कानून मन्त्रालय गण्डकी प्रदेशलाई उपलब्ध गराउने ।

६. गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं ३८०६ मिति २०७७/०२/०१ को सवारी पास सम्बन्धी प्राप्त पत्र वैठकमा छलफल हुदाँ सवारी पास सम्बन्धी सो पत्रबाट प्राप्त नयाँ प्रावधानहरु कार्यान्वयनार्थ सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

# बैठक संख्याः ३४

७. नेपाल सरकार, कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र, छाउनी, काठमाण्डौ को प.सं. १५४९०/ मेडिकल अप्स/०१/०७६/७७/३० मिति २०७७/०१/३० को पत्रानुसार माग भए बमोजिमको कास्की जिल्लाको स्वास्थ्य सामाग्रीको विवरण स्वास्थ्य कार्यालय, कास्की र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट प्राप्त भए अनुसार देहाय बमोजिम रहेको। साथै कोभिड-१९ को नियन्त्रणका लागि तत्काल आवश्यक पर्ने थप स्वास्थ्य सामाग्रीहरु उपलब्ध गराउने व्यवस्थाका लागि नेपाल सरकार, कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र, छाउनी सँग अनुरोध गर्ने निर्णय गरियो ।

| S.N | Name of Product | Stock Quantity | Required Quantity |
|---|---|---|---|
| 1. | Disposable PPE Set | 182 Set | 1,000 Set |
| 2. | N95 Mask | 150 Piece | 3,000 Piece |
| 3. | Disposable Face Mask | 5,000 Piece | 40,000 Piece |
| 4. | Infrared Thermometer | 2 Piece | 50 Piece |
| 5. | Gum Boot | 30 Pair | 100 pair |
| 6. | Face Shield | 10 pair | 1,000 Pair |
| 7. | Goggles ( Chasma) | 2 piece | 1,000 Pair |
| 8. | Ethanol Based hand Sanitizer | 2040 piece | 4,000 Piece |
| 9. | Dettol Liquid (Hand Wash) | 150 piece | 500 Piece |
| 10. | Medical Gown | 147 piece | 500 Piece |
| 11. | Disposable Gloves | 500 Box | 1,000 Box |
| 12. | Shoe Cover | 100 Pair | 400 Pair |
| 13. | Re-useable PPE | 40 Set | 200 Set |
| 14. | PCR Kits | 400 Piece | 5,000 Pices |
| 15. | VTM | 400 Piece | 5,000 Piece |
| 16. | Extaction Kits | 400 pices | 5,000 Piece |
| 17. | RDT(Rapid Diagnostic Test ) | 0 | 10,000 Piece |

८. कास्की जिल्लामा कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण व्यवस्थापनका लागि जारी भएका आदेश तथा निर्देशनहरुको परिपालना एवं कार्यान्वयनको स्थितिको समिक्षा गरियो ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की